नेपाल सरकार
अर्थ मन्त्रालय

फोन न.: ४२००४१८
फ्याक्स न.: ४२००४६८
ईमेलmoev@mof.gov.np
सिहदरवार, काठमाडौ

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

च.नं.:

मिति : २०८०/०६/४

बिषयः प्रेस विज्ञप्ती ।

यहि मिति २०८० असोज २ गते माननीय अर्थ मन्त्री डा. प्रकाश शरण महतको अध्यक्षतामा वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समितिको बैठक सम्पन्न भएको छ। बैठकमा वित्तीय क्षेत्रको विद्यमान समग्र अवस्थाको समीक्षा गरिएको छ। बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मिन बहादुर श्रेष्ठ र नेपाल राष्ट्र बैकका गभर्नर श्री महाप्रसाद अधिकारी लगायत वित्तीय क्षेत्रका नियामक निकायका प्रमुखहरुको उपस्थिति थियो। बैठकले देहाय बमोजिम निर्णय गरेको छ।

१. नेपाल राष्ट्र बैक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र नेपाल धितोपत्र बोर्ड सम्बन्धी ऐनहरु संशोधनको प्रक्रियालाई शिघ्रता दिने। डिजिटल बैंक स्थापना गर्ने सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाको पुनरावलोकन गर्ने।
२. वित्तीय मध्यस्थता लागत कम गर्ने सम्बन्धमा गर्नुपर्ने सुधारको विषयमा सम्बन्धित निकायले नीति एवम् कार्यविधि तर्जुमा प्रक्रिया तत्काल अगाडि बढाउने ।
३. वित्तीय क्षेत्र, पुँजीबजार र बीमा क्षेत्रको गतिविधि एवम् नियमनलाई थप प्रभावकारी बनाउने र समन्वयात्मक तरिकाले काम गर्ने। नियामक निकायको क्षमता अभिवृद्धि गर्ने कार्यलाई सम्वन्धित संस्थाले तदारुकताका साथ अगाडी बढाउने ।
४. सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा अध्ययन प्रतिवेदन समेतलाई आधार मानी पुनरावलोकन गर्ने ।
५. विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने ।
६. रेमिटयान्स बण्ड जारी गर्न कार्ययोजन तयार गर्ने। यसका लागि आवश्यक परेको खण्डमा कानुनी समेत गर्ने।
७. उत्पादनशील क्षेत्रमा वित्तीय साधन परिचालन गर्ने गरी वित्तीय क्षेत्रलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।लघुवित्त संस्थाबाट भइरहेको कर्जा व्यवस्थापन सम्बन्धमा प्रभावकारी नियमन गर्ने।
८. उल्लेखित निर्णयहरु कार्यान्वयनका लागि सम्वन्धित निकायले दुई हप्ता भित्र कार्य योजना तयार गरी समितिको अर्को बैठकमा पेश गर्ने।

धनिराम शर्मा
सहसचिव एवम् प्रवक्ता